**वागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित बजेट बक्तव्यका बुँदाहरु २०७८।०७९**

**कोभिड-१९ राहत र सहुलियत**

४१. कोभिड-१९ को कारण आमाबाबु दुवै गुमाएका बालबालिकाहरूलाई स्थानीय तहसँगको सहकार्यमा मासिक रु. ३ हजारको दरले शैक्षिक तथा सामाजिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छु। साथै, अन्य कारणबाट आमाबाबु दुवै गुमाएका बालबालिकाहरूलाई मासिक रु. २ हजारका दरले सामाजिक सुरक्षा भत्ता प्रदान गर्न बजेट विनियोजन गरेको छु।

**गुणस्तरीय शिक्षा, विज्ञान तथा प्रविधि**

५५. कोभिड-१९ महामारीका कारण शैक्षिक सत्र २०७६ र २०७७ मा उल्लेख्य असर पर्न गयो। सबै शिक्षण संस्था र तालिम केन्द्रहरु बन्द भए। विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका सबै कक्षा र तहका विद्यार्थीको नियमित पठन पाठन, परीक्षा सञ्चालन, मूल्याङ्कन र परीक्षाफल प्रकाशन समयमा सम्पन्न हुन सकेन। यस परिवेशमा बालबालिकाको सिकाईलाई निरन्तरता दिन नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा सूचना प्रविधिको प्रयोग गरी वैकल्पिक पद्धति मार्फत शिक्षण सिकाईलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

५६. राष्ट्र निर्माणमा योगदान दिन सक्ने गुणस्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापना गर्न लागिएको प्रदेश विश्वविद्यालयको स्थापना सम्वन्धी प्रारम्भिक कार्य गर्न बजेट विनियोजन गरेको छु । गुणस्तरीय उच्च शिक्षा ग्रामिण स्तरमा नै प्राप्त गर्न सकियोस् भनी सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन आवश्यक बजेट व्यवस्था गरेको छु।

५७. **"बागमती प्रदेशको इच्छा, समृद्धिको लागि प्राविधिक शिक्षा"** अभियानलाई साकार पार्न सामुदायिक विद्यालय एवम् शिक्षालयहरूको भौतिक तथा शैक्षिक

पूर्वाधारको विकास गरी गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न बजेटको व्यवस्था मिलाएको छु।

५८. शैक्षिक गुणस्तर सुधार कार्यक्रम मार्फत विद्यार्थीलाई आत्मनिर्भर बनाउन प्रविधिमैत्री शिक्षा प्रणालीको विस्तार गर्दै स्वरोजगार, उद्यमशीलता र नव-अन्वेषण क्षमता अभिवृद्धिका लागि सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला स्थापना, विज्ञान तथा विषयगत प्रयोगशाला स्थापना, कम्पाउण्डवाल निर्माण र नमुना विद्यालय विकास गुरूयोजना लागु भएका २० वटा सामुदायिक माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न रु. ३५ करोड बजेट विनियोजन गरेको छु।

५९.शुन्य दरबन्दी भएका २ सय ६२ वटा सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान वा गणित मध्ये कुनै एक विषयको माध्यमिक तहको शिक्षक व्यवस्थापनका लागि प्रदान गरिँदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु।

६०. **"साक्षर प्रदेश"** घोषणा अभियानलाई पूर्णता दिने अभिप्रायले काठमाण्डौ विश्वविद्यालयसँगको सहकार्यमा सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार सुदृढीकरण गर्न र प्रदेश शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

६१. यस प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र समुदायलाई प्राथमिकतामा राखी सामुदायिक क्याम्पसमा अध्ययनरत छोरी बुहारीलाई प्रदान गरिने छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु।

६२. नवीन ज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र नवप्रवर्तनमा युवा वैज्ञानिकहरूलाई प्रोत्साहन गर्न प्रदेश विज्ञान प्रविधि कोष स्थापना गरिनेछ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।युवा वैज्ञानिक प्रोत्साहन कोषमा रहेको रकम समेत यसै कोषमा सार्ने व्यवस्था मिलाएको छु।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाजकल्याण**

६३. **"प्रदेश र स्थानीय तहको एउटै सन्देशः बाल विवाहमुक्त हाम्रो प्रदेश"** भन्ने अभियान सहित शुरू भएको बालविवाह मुक्त प्रदेश तथा अपाङ्गमैत्री स्थानीय तह घोषणा गर्न प्रोत्साहन गर्ने कार्यक्रमलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गरी निरन्तरता दिइएको छ।

६४. बालबालिकाको सर्वाङ्गीण विकासको थलोको रूपमा रहेको जिल्ला बाल विकास केन्द्रलाई स्थानीय तहसँगको सहकार्यमा नमुना केन्द्रको रूपमा स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

६५.हिंसापिडित तथा असहाय महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको उद्धार, संरक्षण एवम् पुनःस्थापनाका लागि बजेट व्यवस्था गरेको छ।

६६. विभिन्न खालका लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्णरुपमा उन्मूलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छ।

**श्रम तथा रोजगार र सामाजिक सुरक्षा**

६७. स्वदेशी कच्चा पदार्थ र सीपमा आधारित साना तथा मझौला उत्पादनमुखी उद्योग तथा व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना गर्ने क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

६८. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि अपाङ्ग, विपन्न दलित, दलित महिला, अति सीमान्तकृत महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको जीविकोपार्जन सुधारका लागि मागमा आधारित तालिम कार्यक्रम मार्फत सीप, प्रविधि र बीउ पुँजी सहित व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

६९. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू तथा स्वरोजगार श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन स्थानीय तहसँगको सहकार्यमा श्रमिक अभिलेखीकरण सूचना प्रणाली स्थापना गर्ने व्यवस्था मिलाएको छु।

## युवा तथा खेलकुद

७०. खेलकुदको विकास र विस्तारका लागि खेलकुद पूर्वाधारहरुको निर्माण, संरक्षण र सञ्चालनका साथै खेलाडी, रेफ्री र प्रशिक्षकको क्षमता विकास गर्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

७१. प्रदेशभित्र निर्माणाधीन खेलकुद पूर्वाधारको निर्माण कार्य दुई वर्ष भित्र सम्पन्न गर्न रु. २९ करोड बजेट विनियोजन गरेको छु। निर्माण सम्पन्न भएका रङ्गशाला र कभर्ड हलहरूको संरक्षण, सञ्चालन र व्यवस्थापन प्रदेश खेलकुद विकास परिषद् र स्थानीय तहबीचको सहकार्य र साझेदारीमा गर्ने व्यवस्था मिलाएको छु।

७२. प्रदेश युवा परिषद् मार्फत युवाहरूमा सीप, शिक्षा र उद्यमशीलता विकास गरिनेछ। प्रदेश भित्रका मौलिक ज्ञान तथा परम्परागत प्रविधिको स्तरोन्नति तथा व्यावसायीकरणमा प्रोत्साहित गर्ने कार्यक्रम कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेको छु।

७३. बालबालिका तथा युवालाई लक्षित गरी लागुऔषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचविखन र विद्युतीय अपराध विरूद्ध सचेतना जगाउन **‘हाम्रो ध्यान युवा सचेतना अभियान’** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।